# सिमकोट गाँउपालिका, हुम्ला

## स्थानीय राजपत्र

खण्ड: ६ संख्या : १४ मिति: २०७९/१०/०२

## भाग - २

# सिमकोट गाँउपालिकाको योजना अनुगमन तथा मुल्यांकन कार्यविधि, २०७९

## सिमकोट गाँउपालिका, हुम्ला

कार्यपालिकाबाट स्वीकृत मिति: २०७९/०७/२४
राजपत्रमा प्रकाशन मिति : २०७९/१०/०२

# सिमकोट गाउँपालिकाको योजना अनुगमन तथा मुल्यांकन कार्यविधि, "२०७९"

## प्रारम्भिक

सिमकोट गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत योजना तथा स्वीकृत योजना तथा कार्यक्रमका अनुगमन र मुल्यांकन नियमित व्यवस्थित र प्रभावकारी तुल्याउन एक कार्यविधि आवश्यक भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ थ ले दिएको अधिकार प्रयोग गरी सिमकोट गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

१ **संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम सिमकोट गाउँपालिकाको अनुगमन तथा मुल्यांकन कार्यविधि "२०७९" रहनेछ ।

ख) यो कार्यविधि सिमकोट गाउँपालिकाको गाउँ कार्यपालिका बैठकले स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरपछि कार्यान्वयनमा आउने छ ।

२ **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्दछ ।

ख) "ऐन" भन्नाले स्थानिय सरकार संचालन एन २०७४ साथै संघीय तथा प्रदेश सरकारबाट जारी भएका यस विषय संग सम्बन्धित अन्य प्रचलित ऐन लाई सम्झनु पर्दछ ।

ग) "नियमावली" भन्नाले स्थानीय सरकार संचालनका लागि बन्ने नियमावली लाई सम्झनुपर्दछ ।

घ) "कार्यविधि" भन्नाले सिमकोट गाउँपालिकाको योजना अनुगमन तथा मुल्यांकन कार्यविधि २०७९ लाई सम्झनुपर्छ ।

ङ) "गाउँपालिका" भन्नाले सिमकोट गाउँपालिका सिमकोट हुम्लालाई सम्झनुपर्छ ।

च) "कार्यपालिका" भन्नाले सिमकोट गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ

छ) "उपभोक्ता समिति" भन्नाले सिमकोट गाउँपालिका क्षेत्रभित्र जग्गा तथा संरचनाको स्वामित्व भई सम्बन्धीत योजनाको लाभग्राही प्रत्यक्ष वा परोक्ष उपभोग गर्ने व्यक्ति फर्ग समूह उधोगी, व्यापारी, व्यवसायी लगायतका निजि क्षेत्र सामाजिक संघ संस्थाको प्रत्यक्ष प्रतिनिधित्व हुने गरी गाउँपालिकाले सम्बन्धीत योजना निर्माण संचालन तथा व्यवस्थापनमा लागत सहभागिता हुने वा नहुने गरी सिमकोट गाउँपालकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ बमोजिम गठन भइ गाउपलिकामा दर्ता भएको लाभान्वित समूहको समितिलाई सम्झनु पर्दछ ।

ज) अनुगमन तथा सुरपरिवेक्षण भन्नाले योजना आयोजना परियोजना तथा कार्यक्रमहरुमा लगानी तथा स्रोत साधनको प्रवाह समुचित ढंगले भएको छ छैन कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई तोकिएको समय भित्र अपेक्षित उपलब्धी हासिल भएको छ । छैन र संचालित योजना वा क्रियाकलापहरु दिगो वातावरण मैत्री र गुणस्तरीय रुपमा भएको छ छैन भनी गाउँकार्यपालिका द्वारा तोकिएका पदाधिकारी तथा कर्मचारी द्वारा रा निरन्तर आवधिक र आकस्कमिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनुपर्दछ ।

झ) मुल्यांकन भन्नाले कार्यवन्यिन गरिएका योजना आयोजना तथा कार्यक्रमहरु हालको समयमाम के कति सान्दर्भिक लाभदायी प्रभावकारी र वित्तिय अनुशासन कायम राखेका छन् तथा के कस्ता उपलब्धी एवं प्रभावहरु हासिल भएका छन् भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्दछ ।

CS CamScanner

स्थलगत सर्भेक्षण भन्नाले गाउँपालिकाद्वाराअनुगमन तथा मुल्यांकन समिति वा गाउँ कार्यपालिकाबाट खटाईएका कर्मचारीको टोली वा जनप्रतिनिधि वा कर्मचारीले स्थलगत रुपमा निरीक्षण गरी सूचना संकलन गर्ने कार्यलाई सम्झनुपर्दछ ।

ट) विकास साझेदार हरु भन्नाले नेपाल सरकार वा प्रचलित एन कानून बमोजिम गाउँपालिका संग सोझै सम्झौता गरी वा नगरी नगद जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने दुइपक्षीय एवं बहुपक्षीय दातृ निकाया वा संघ संस्थाहरुलाई सम्झनुपर्दछ । साथै गाउँपालिकामा लागत सहभागिता गर्ने उपभोक्ताहरुलाई समेत मान्न सकिनेछ ।

ठ) अनुगमन तथा मुल्यांकन समिति भन्नाले दफा ३ को उपदफा १ बमोजिम गठित गाउँपालिका स्तरको अनुगमन तथा मुल्याकंन समिति सम्झनु पर्दछ ।

ड) बोलपत्र सम्बन्धी कागजात भन्नाले कुनै ठेक्का संग सम्बन्धीत सामान्य वा विशेष शर्त स्पेशीफिकेशन डिजाइन परिमाण सम्बन्धी सूची निर्माण सम्बन्धी कार्यको हकमा नक्सा र वील अफ क्वान्टिटी सम्झनु पर्छ र सो शब्दले आर्थिक वा प्राविधिक प्रस्ताव संग सम्बन्धीत सम्पुर्ण कागजात समेतलाई जनाउनेछ ।

ढ) सम्झौता भन्नाले यस गाउँपालिकाको दायित्व र अधिकार क्षेत्रभित्र रही विकास निर्माण संग सम्बन्धित कुनै पनि योजनाको निर्माण संचालन तथा व्यवस्थापन गर्न वा सेवा उपलब्ध गराउने वा दिने सम्बन्धमा ठेक्का बोलपत्र वा दरभाउपत्रको माध्यमबाट वा प्रचलित कानून बमोजिम गरिने गाउँपालिका र सेवाग्राही वा प्रदायक वीच हुने करारनामालाई सम्झनुपर्दछ ।

## परिच्छेद -२
## अनुगमण तथा मुल्यांकन समिति गठन तथा परिचालन

३ **अनुगमन तथा मुल्यांकनः** गाउँपालिकाको अधिकार र दायित्व सिर्जित क्षेत्र भित्र संचालन भएका र भैइरहेका तथा हुने सबै विषयगत तथा क्षेत्रगत योजनाहरुको निर्धारित गुणस्तर र समय सिमाको सुनिश्चितता गर्न सम्भावित जोखिम र त्यसले भविश्यमा पार्न सक्ने प्रभावका बारेमा लेखाजोखा गरी समयमानै क्षति न्यूनिकरणमा पुर्वतयारी गर्न विकास निर्माण संग सम्बन्धीत सबै सरोकारवालाई अनुशासित मर्यादित जिम्मेवार र कर्तव्यनिष्ठ बनाउन आर्थिक अनुशासन र वित्तिय पारदर्शिता कायम राख्दै बढीभन्दा बढी लागत प्रभावकारीता कायम गर्ने प्रयोजनार्थ यस गाउँपालिकामा संचालित योजना आयोजना तथा कार्यक्रमहरुलाई अधिकतम नतिजामुखि बनाउने हेतुले पालिका स्तरिय तथा वडा स्तरीय अनुमगम सुपरिवेक्षण तथा मुल्यांकन समिति गरी २ तहको अनुगमण तथा मुल्यांकन समिति रहने व्यवस्था गरिएको छ । जुन देहाय अनुसार गठन हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिकाको पालिका उपप्रमुख / उपाध्यक्ष | संयोजक |
| ख) पालिका प्रमुखले तोकेका एक जना महिला सहित कार्यापालिका सदस्यहरु मध्ये बाट २ जना | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ) पुर्वाधार विकास शाखाका प्रमुख इन्जिनियर | सदस्य |
| ङ) योजना तथा अनुगमन शाखाको प्रमुख | सदस्य सचिव |

तर समितिमा गाउँकार्यपालिकाका अन्य सदस्य सम्बन्धित क्षेत्र हेर्ने प्राविधिक तथा विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा सहभागि गराउन सकिनेछ ।

**२ वडा स्तरिय समितिः** आफ्नो वडा भित्र संचालित योजनाको लागत परिमाण समय सिमा र गुणस्तरका बारेमा अध्ययन गरी पालिका स्तरिय अनुगमन समिति मार्फत गाउँकार्यपालिकालाई पृष्ठपोषन दिनका लागि निम्नानुसारको वडा स्तरिय अनुगमन सुपरिवेक्षन तथा मुल्याकंन समिति रहनेछ ।

| | |
|---|---|
| क सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| ख वडा सदस्यहरु | सदस्य |

CamScanner

ग सम्बन्धित वडाको प्राविधिक कर्मचारी — सदस्य

घ वडा सचिव — सदस्य सचिव

तर यस समितिमा आवश्यकता अनुसार अन्य कर्मचारी तथा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद ३

## अनुगमन सुपरिवेक्षण तथा मुल्यांकन समितिको काम कर्तव्य र अधिकार

**४ अनुगमन सुपरिवेक्षण तथा मुल्यांकन समितिको काम कर्तव्य र अधिकारः** १) दफा (३) को उपदफा १ र २ बमोजिम गठित अनुगमन तथा मुल्यांकन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१) अनुगमन तथा सुपरिवेक्षणः** गाउँपालिकाले पालिका क्षेत्र भित्र संचालन हुने तथा भएका सबै विषयगत तथा क्षेत्रगत योजना परियोजना कार्यक्रम तथा आयोजनाहरुको अनुगमन तथा सुपरिवेक्षन देहाय बमोजिम हुनेछ ।

क) गाउँकार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश भएको बढीमा १५ दिन भित्र बार्षिक अनुगमन तथा सुपरिवेक्षण कार्य योजना बनाउनु पर्नेछ ।

ख) गाउँपालिकामा संचालित आयोजना तथा कार्यक्रमको नियमित आकस्मिक वा आवधिक अनुगमन तथा मुल्यांकन गर्ने ।

ग) अनुगमन तथा सुपरिवेक्षणका लागि सम्बन्धित योजना तथा आयोजनाको मात्रा लागत कार्य प्रगति ढिलो हुनु वा छिटो हुनुको वा समयमा नै कार्य सम्पन्न हुनु वा नुहुनुको कारण तोकिएको गुणस्तर वा मापदण्ड भएको लापरवाही वा बदनियत भएको भए सो कार्यमा संलग्न व्यक्ति फर्म वा संस्था र त्यस्तो लापरवाही वा बदनियतबाट भएको क्षति तथा त्यसको पुर्तालि गर्नुपर्ने भएको कसरी पुताल गर्ने साथै अन्य केही सुझाव भए सो समेत समेटिने गरी अनुगमन सूचकहरु निर्धारिन गर्ने ।

घ) सूचक बमोजिमको अनुगमन तथा सुपरिवेक्षण रिपोर्टको फरमेट अनुसूची १ बमोजिमको ढाँचामा पेश गर्नुपर्ने । अनुसूची २ बमोजिमको योजना वा कार्यक्रम सम्बन्धी विवरणको ढाँचा पनि अनिवार्य रुपमा अध्यावधिक राख्नुपर्ने ।

ङ) वडा स्तरीय अनुगमन सुपरिवेक्षण तथा मुल्यांकन समितिले अनुगमन गर्दा देखिएका विषयमा पालिका स्तरिय अनुगमन सुपरिवेक्षण तथा मुल्यांकन समितिलाई नियमित रुपमा जानकारी गराउने ।

च) योजना आयोजना तथा कार्यक्रम संचालनको क्रममा नगर सभा तथा नगर कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यावन्यन गर्ने गराउने ।

छ) योजना परियोजना आयोजना तथा कार्यक्रम संचालनको क्रममा उत्पन्न भएका विवादहरु उचित विवेकपुर्ण तथा कानूनसम्बत ढंगले व्यवस्थापन गर्ने गराउने ।

ज) गाउँसभा तथा कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

झ) अन्तिम अनुगमन तथा मुल्यांकनका क्रममा उपभोक्ता समिति व्यवसायी वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमी कमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाईएमा कारवाहिका लागि सिफारिस गर्ने ।

**२ योजना तथा आयोजनाको प्रभाव मुल्यांकनः** गाउँपालिकाले गाउँ क्षेत्र भित्र संचालन हुने तथा भएका सबै विषयगत तथा क्षेत्रगत योजना तथा आयोजनाहरुको प्रभाव मुल्यांकन देहाय बमोजिम हुनेछ ।

क) अनुगमन सुपरिवेक्षन तथा मुल्यांकन समितिले अनुगमन तथा सुपरिवेक्षण गरेपछि उक्त योजना तथा आयोजनाको निर्धारित गुणस्तर दिगोपना र समय सिमाको मुल्यांकन गर्नुपर्नेछ ।

ख) रु ५ करोड भन्दा माथिका योजना तथा आयोजनाहरु सम्पन्न भएको २ वर्ष भित्र तेस्रो पक्षबाट प्रभाव मुल्याकंन गर्नुपर्नेछ ।
ग) गाउँपालिकाले ५ लाख रुपैया भन्दा माथिका आयोजनाको अनुसूची ३ बमोजिम आयोजनाको लागत खाता राख्नुपर्नेछ ।
घ) अनुगमन सुपरिवेक्षण तथा मुल्यांकन समितिले अनुगमन तथा मुल्यांकन गरेको दिन तथा समय सम्बन्धित योजनाको साइड पुष्तिकामा उल्लेख गर्नुपर्नेछ । साथै उक्त अनुगमन तथा मुल्याकंन सम्पन्न भएको मितिले बढीमा ७ दिन भित्र अनुसूची २ बमोजिम गरिएको अनुगमन तथा मुल्यांकनको प्रतिवेदन तयार
ङ) गाउँपालिका वा वडा स्तरिय योजनाहरु मध्ये १० लाख भन्दा बढी लागतका सबै योजनाहरुको हकमाम पालिका स्तरिय अनुगमन तथा मुल्यांकन समितिबाटै गरिएको अनुगमन तथा मुल्यांकनका आधारमा प्राप्त प्रतिवेदन सहितको सिफारिसका आधारमा मात्र अन्तिम रकम भुक्तानीका लागि सिफारिस गरिनेछ । साथै अन्तिम भुक्तानीको लागि सिफारिस गर्दा अनुसूची ६ बमोजिमको योजना जाचँपास तथा भुक्तानी आदेश फारम अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
वडा स्तरिय समितिबाट प्राप्त अनुगमन तथा मुल्यांकनका आधारमा भएको सिफारिस उपर कुनै गुनासो आएमा वा आश्यक ठानेमा पालिका स्तरिय समितिबाट अनुगमन गरिनेछ ।

**३ वडा स्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिको निम्नानुसार कार्य क्षेत्र रहनेछ ।**

क) उपभोक्ता समिति वा ठेक्का प्रक्रियाबाट गत वर्षदेखि संचालनमा रहि सम्पन्न हुन बाँकी योजना तथा कार्यक्रमहरु र चालु आ व मा संचालन हुने नयाँ योजना तथा कार्यक्रमहरु सम्पन्न नभए सम्म कार्यान्वियनका हरेक चरनहरुमा स्थलगत रुपमा अनुगमन तथा सुपरिवेक्षण गरी रहने ।
ख) आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा समस्या समाधानका लागि आवश्यक सहजिकरण गर्ने योजना तथा कार्यक्रमको सम्झौता बमोजिम कार्यतालिका अनुसार कार्य भए नभएको कार्य स्थलमा सूचना पार्टी राखे नराखेको गुणस्तरीय सामग्रीको प्रयोग भए नभएको वास्तविक लाभान्वित हुन उपभोक्ताहरु लाभान्वित भए नभएको आदी विषयमा अनुगमन तथा सुपरिवेक्षण गरिरहने ।
ग) सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको भुक्तानीका लागि सार्वजनिक परिक्षण गर्न लगाउने
ङ) सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको भुक्तानीका लागि सार्वजनिक परीक्षणको प्रतिवेदन आम्दानी खर्चको विवरण उपभोत्ता समितिको बैठकको निर्णय
सक्कल वील भरपाई सम्पन्न योजना तथा कार्यक्रमको शुरु र पछिको फोटो कार्यस्थलमा राखेको सूचना पार्टी वा व्यानरको फोटो ठिक दुरुस्त भएमाम अनुगमन तथा सुपरिवेक्षण समितिको निर्णय सहित भुक्तानीका लागि सिफारिस गर्ने ।
ङ) उपभोक्ता समितिले आयोजना सम्पन्न भएको जानकारी वडा कार्यालयमा दिए पछि अनुगमन तथा सुपरिवेक्षण समितिले सात दिन भित्र आयोजनाको स्थलगत निरीक्षण गरी समितिले अन्तिम भुक्तानी र फरफारक निम्ति सिफारिस गर्नपर्नेछ ।
छ) सिमकोट गाउँपालिकाले आवश्यकता र औचित्यताको आधारमा योजना कार्यक्रम वा आयोजना अनुगमन एवंम सुपरिवेक्षण समितिको थप जिम्मेवारी र कार्यविधि निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद ४

## अनुगमन तथा मुल्यांकन सुविधा

**<u>५ अनुगमन तथा मुल्यांकन सुविधाः</u>** परिच्छेद (२) दफा (३) को उपदफा (१) बमोजिमको अनुगमन तथा मुल्यांकन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको मामपदण्डमा रहेर अनुगमन सुविधा प्राप्त गर्नेछन् ।
क) अनुगमन खाजा । खाना खर्चः   नगर पालिकाले तोकेको मापदण्ड अनुसार प्रतिदिन रु      मात्र फिल्ड गरएको दिन मात्र
ख) बैठक भत्ताः  सिमकोट गाउँपालिकाको प्रचलित नियम र मापदण्ड अनुसार
ग) सवारी साधनको सुविधाः कार्यालयल व्यवस्थापन गर्ने

CS CamScanner

## परिच्छेद ५
## अनुगमन तथा मुल्याकंन प्रतिवेदन

**७ <u>अनुगमन तथा मुल्याकंन प्रतिवेदनः</u>** क) दफा (३) को उपदफा (१) बमोजिम गठित अनुगमन सुपरिवेक्षण तथा मुल्याकंन समितिले आर्थिक वर्षको अन्त्यमा अनुसुची ४ बमोजिमको ढाँचामा अनुगमन तथा मुल्यांकन प्रतिवेदन तयार गरी पालिका उपप्रमुख मार्फत कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

ख) प्रतिवेदन पेश गर्ने अवधि आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र पेश गरिसक्नु पर्नेछ ।

## परिच्छेद –६
## विविध

**८ <u>बाधा अडकाउ फुकाउ तथा सशोधनः</u>** (१) स्थानीय सरकार संचालन एन २०७४ तथा यस कार्यविधिमा व्यवस्था भए वाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय गाउँकार्यपालिकाले गर्नेछ । साथै यो कार्यविधि कार्यान्वियनको सन्दर्भमा कुनै बाधा अड्काउ परेमा वा द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले विद्दमान एन कानूनको परिधि भित्र रही आवश्यक निर्णय गर्न सक्नेछ ।

२) यस कार्यविधिमा थपघट वा संशोधन गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही नगर कार्यपालिकाको हुनेछ ।

**९ <u>निर्देशन दिन सक्नेः</u>** गाउँकार्यपालिकाले अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन समेतको आधारमा योजना संचालन तथा कार्यावन्यनमा देखिएको त्रुटी तथा कमी कमजोरी सच्याउन समय सिमा लागत प्रभावकारीता दिगोपना र गुणस्तर कायम गर्न राखे सम्बन्धित उपभोक्ता समिति निर्माण व्यवसायी परामर्शदाता सेवा प्रदायक संस्था कर्मचारी वा सम्बन्धित योजना कार्यान्वियनको जिम्मा लिएको ब्यक्ति फर्म समूह वा संघ संस्थालाई सोझै वा अनुगमन तथा सुपरिवेक्षण समिति मार्फत निर्देशन दिन सक्नेछ ।

**१० <u>खरिद तालिका पेश गर्नेः</u>** गाउँपालिकाले सोझै संचालन गर्ने तथा निर्माण व्यवसायी वा योजना निर्माण संचालन तथा व्यवस्थापनको जिम्मारी प्राप्त गरेको व्यक्ति फर्म सूमह समिति वा संघ संस्थाले आफ्नो जिम्माको कार्य सम्पन्न गर्न गरिएको सम्झौताको समय तालिकाका आधारमा उक्त कार्य संचालन तथा व्यवस्थापन गर्न आवश्यक सबै प्रकारको स्रोत साधन वा बस्तु वा सेवाको खरिद तालिका सम्झौता भएका मितिले ७ दिन भित्र नगर कार्यपालिकाको सम्बन्धित महाशाखा वा इकाईमा पेश गरिसक्नुपर्नेछ ।

**११ <u>अनुगमनलाई नियमित गर्नुपर्नेः</u>** बार्षिक अनुगमन कार्यतालिका बमोजिम सम्झौता भएका प्रत्येक योजनाहरु कम्तिमा २ पटक अनिवार्य रुपमा अनुगमन गर्नुपर्नेछ ।

**१२ <u>अधिकार प्रत्यायोजनः</u>** यो कार्यविधि बमोजिम प्रमुख प्रशासकिय अधिकृतले आफुलाई प्राप्त अधिकार मातहतका अधिकृत स्तरको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । तर अधिकार प्रत्यायोजन गरेको आधारमा प्रमुख प्रशासकिय अधिकृत जिम्मेवारी र जवाफदेहिता बाट मुक्त भएको भन्ने मानिने छैन् ।

**१३ यो कार्यविधिको अन्तिम व्याख्या गाउँपालिका वा गाउँकार्यपालिकाको अधिकार प्राप्त निकार्यले गर्नेछ ।**

CamScanner

अनुसूची १
कार्यविधिको परिच्छेद ५ को दफा ७ संग सम्बन्धीत
सिमकोट गाउपालिका
सिमकोट हुम्ला ।
योजना अनुगमन तथा मुल्यांकन प्रतिवेदन

मितिः

श्रीमान गाउँपालिका प्रमुख ज्यू
सिमकोट गाउँपालिका
सिमकोट हुम्ला ।

सिमकोट गाउँपालिकाको गाउँसभाले आ व ०७९।०८० मा संचालनको लागि पारित गरेका तपशिल बमोजिमका योजना संचालन पश्वात गाउँपालिका । वडास्तरिय अनुगमन तथा मुल्यांकन प्रतिवेदन समितिले पेश गरेको प्रतिवेदन

१ योजनाको नामः २ योजना संचालन गर्ने स्थानः
३ योजना संचालक संस्थाको नाम ४ सम्पर्क नः
५ योजनाको कुल लागत रकम रुः
५ १ योजनामा कार्यालयले व्यहोर्ने लागत रकम रुः
५ २ जनसहभागिताबाट व्यहोर्ने लागत रकम रु
५ ३ योजनामा अन्य निकाय कार्यालय वा विकास साझेदारीको नाम र सहयोग रकम रुः
६ योजना सम्झौता मितिः ७ योजना सम्पन्न गरिसक्नु पर्ने मिति ८ सम्पन्न भएको मितिः
९ योजनाबाट लाभान्वित जनसंख्याः
१० पेश्की रकमः ११ निकासा हुँन बाँकी रकम

१२ अनुगमनका क्रममा देखिएका विषयहरुः

| सिन | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | कुल लागत अनुमान बमोजिमको कार्य प्रगति | | | |
| २ | आर्थिक अनुशासन वित्तिय पारदर्शिता र लगानीको मुल्य सिर्जनशिलता कायम | | | |
| ३ | उपभोक्ता समितिको तर्फबाट जनश्रमदान | | | |
| ४ | सार्वजनिक परिक्षण | | | |

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५ | आयोजना सुचना पाटि | | | |
| ६ | वातावरणीय प्रभाव अनुकुलन | | | |

१३ आयोजना संचालनमा देखिएका समस्या तथा चुनौतिहरुः

क

ख

ग

घ

ङ

च

१४ बुदा नं १२ को लागि अनुगमन तथा मूल्यांकनको क्रममा अख्तियार प्राप्त पदाधिकारीको गरेको सिफारिस

क

ख

ग

घ

ङ

च

१५ अनुगमन समितिको निष्कर्षः

१६ अनुगमनमा संलग्न पदाधिकारीहरुः

| सिन | नामथर | पद | दस्तखत | कै |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

CamScanner

# अनुसूची २
## कार्यविधिको परिच्छेद ५ को दफा ७ संग सम्बन्धित
## सिमकोट गाउँपालिका
## सिमकोट हुम्ला

उपभोक्ता समिति निर्माण व्यवसायीले तयार गर्ने योजना वा कार्यक्रम सम्बन्धी विवरणको ढाँचा

१ कार्यक्रम वा योजना

क नामः ख आयोजना स्थल

ग पहिलो किस्ता रु प्राप्त मिति

घ लागत रकम रु

ङ आयोजना सुरु मितिः

२ उपभोक्ता समिति । निर्माण व्यवसायी

क नाम ख अध्यक्षको नामः

ग सदस्य संख्याः महिला पुरुष

३ आम्दानी खर्चको विववरणः

क आम्दानी तर्फ

| सि न | कहाबाट नगद वा जिन्सी प्राप्त भयो खुलाउन | रकम | कै |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

खर्च तर्फः

| सि न | कहाँबाट नगत वा जिन्सी प्राप्त भयो खुलाउने | दर | परिमाण | जम्मा रकम | कै |
|---|---|---|---|---|---|
| १ | सामाग्री के कति खरिद भए | | | | |
| २ | ज्याला<br>मित्री<br>कामदार | | | | |
| ३ | श्रमदान | | | | |
| ४ | व्यवस्थापन खर्च | | | | |
| ५ | भैपरि आउने खर्च | | | | |

ग मौज्दातः

| सिन | विवरण | रकम | कै |
|---|---|---|---|
| | नगद | | |

| | | | |
|---|---|---|---|
| | क बैंक<br>ख व्यक्तिको जिम्मा | | |
| १ | जिन्सी सामाग्रीहरु | | |
| २ | अन्य | | |

घ भुक्तानी दिन बाँकी

| सिन | विवरण | रकम | कै |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

ङ आयोजनाको लक्ष्य वा प्रगति

| सिन | कामको विवरण | लक्ष | प्रगति | पुष्टाईको आधार |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

उपभोक्ता समिति वा निर्माण व्ययवसायीको तर्फबाट
नाम

अनुगमन गर्ने पदाधिकारी विवरण
नाम

CamScanner

अनुसूची ३

कार्यविधिको परिच्छेद ५ को दफा ४ को उपदफा २ ग संग सम्बन्धित

सिमकोट गाउँपालिका

**<u>योजना लगत खाता</u>**

| सि न | आयोजनाको नाम र स्थान | लागत अनुमान | कार्य संचालन प्रक्रिया | | | | आयोजना | | | | लागत सहभागिता | | | | आयोजनाबाट लाभान्वित जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विषयगत शाखा | उपभोक्ता समिति | ठेक्का | अन्य | सम्झौता मिति | सम्पन्न मिति | भौतिक प्रगति | जाचँपास मिति | गाउँपालिकाको अंस | उपभोक्ताको अंस | अन्य साझेदारीको अंस | जम्मा रकम | पुरुष | महिला | अन्य | जम्मा |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

नोटः भौतिक प्रगति इकाईमा उल्लेख गर्नुपर्ने जस्तै सडक भए कि मि

| तयार पार्ने | सिफारिस गर्ने | स्वीकृत गर्ने |
|---|---|---|
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |

अनुसूची ४

कार्यविधिको परिच्छेद ३ को दफा ४ को उपदफा २ ग संग सम्बन्धित

सिमकोट गाउँपालिका

CS CamScanner

## बार्षिक योजना अनुगमन तथा मुल्यांकन प्रतिवेदन

| योजना।कार्यक्रम सिर्षक नं | आ व को नीति योजना तथा कार्यक्रम अन्तगत अनुगमन गरिएका योजनाहरु | | अनुगमन मिति र संलग्न सुझाव कार्यान्वयनको अवस्था | आ व २०७९।८० को लक्ष्य । प्राथमिकता | | | | कार्यान्वयन गर्ने जिम्मेवारी शाखा | सुधार गर्नुपर्ने पक्षहरु | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बार्षिक | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

CS CamScanner

अनुसूची ५

कार्यविधिको परिच्छेद ६ को दफा १३ को उपदफा २ ग संग सम्बन्धित

सिमकोट गाउँपालिका

आयोजना हस्तान्तरण फारम

| सिन | योजनाको नाम र स्थान | योजनाको लागत अनुमान | निर्माण प्रक्रिया | | | | | | योजनाको | | | योजना हस्तान्तरण | | मर्मत सम्भार गर्ने निकायको व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | खुद लागत | उपभोक्ता समिति | सामूदायिक संस्था | ठेक्का | विषयगत कार्यालय | अन्य | सम्झौता मिति | सम्पन्न मिति | जाचपास मिति | मिति | जिम्मा लिने निककाया | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

आयोजना बुझाउनेको दस्तखत

आयोजना बुझ्नेको दस्तखत

अनुसूची ६

कार्यविधिको परिच्छेद ३ को दफा ४ को उपदफा २ संग सम्बन्धित

सिमकोट गाउँपालिका

योजना जाँचपास तथा भुक्तानी आदेश फारम

टिप्पणी तथा आदेश

विषयः जाचँपास तथा भुक्तानी सम्बन्धमा

सिमकोट गाउँपालिका कार्यालयको आर्थिक वर्ष ०७९।०८० को स्वीकृत कार्यक्रम अनुसार निम्नानुसारको योजना निर्माण कार्य सम्पन्न भएकोले नियमानुसार प्रकृया पुगी आवश्यक कागजातहरु पेश हुँदा भुक्तानी दिन मनाशिव देखि स्विकृतिको लागि पेश गर्दछौ

योजनाको नामः

योजना स्थलः

खर्च व्यहोर्ने श्रोतः

गाउँपालिकाले व्यहोर्नेः

उपभोक्ताले व्यहोर्नेः

अन्य निकायले व्यहोर्ने

योजना संचालन प्रकृया

काम गर्ने निर्माण व्यवसायीः

प्रोपइटरको नामः

CS CamScanner